आज मिति २०८३ साल जेठ २९ गते यस रैनादेवी छहरा गाउँपालिकाको नियमित कार्यपालिका वैठक गाउँपालिका अध्यक्ष श्री रुकमाङ्गत भट्टराईको अध्यक्षतामा बसी तपशील पदाधिकारीको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो।

| क्र स | नाम थर | पद | मोवाइल नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | रुकमाङ्गत भट्टराई | अध्यक्ष | ९८५७०३७१४८ | |
| २ | युवराज थापा | उपाध्यक्ष | ९८५७०६२०६३ | |
| ३ | देवेन्द्र पुन | प्रवक्ता | ९८४९०१८७८१ | |
| ४ | सोम बहादुर दर्लामी | वडा अध्यक्ष | ९८५७०६९८४१ | |
| ५ | दान बहादुर पौडेल | वडा अध्यक्ष | ९८५७०६२५४८ | |
| ६ | प्रदिप पौडेल क्षेत्री | वडा अध्यक्ष | ९८४७१००२८८ | |
| ७ | गोविन्द बहादुर रायमाझी | वडा अध्यक्ष | ९८५७०६२२४२ | |
| ८ | हुमानसिंह कार्की | वडा अध्यक्ष | ९८५७०३४७०७ | |
| ९ | दोम बहादुर घर्ति | वडा अध्यक्ष | ९८६०६९७७६३ | |
| १० | रेम बहादुर राना | वडा अध्यक्ष | ९८४०४५७९७८ | |
| ११ | लक्ष्मण हिताङ्ग | कार्यपालिका सदस्य | ९८५७०६०८८१ | |
| १२ | सुकमाया वि क | कार्यपालिका सदस्य | ९८६७४००८६४ | |
| १३ | महेश बराल | कार्यपालिका सदस्य | ९८५७०६२८०७ | |
| १४ | गिता राना | कार्यपालिका सदस्य | ९८४७१६८०६३ | |
| १५ | कविता खनाल | कार्यपालिका सदस्य | ९८६७१५६२०९ | |
| १६ | लक्ष्मी कुमाल | कार्यपालिका सदस्य | ९८४७१६८७१७ | |
| १७ | विवेक रणपाल परियार | सदस्य सचिव | ९८५७०७२०२५ | |

आमन्त्रित

| | नाम थर | पद | मोवाइल नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | लिलामणि बस्याल | लेखा अधिकृत | ९८५७०८२८०१ | |
| २ | जिवन राना | जनस्वास्थ्य अधिकृत | ९८५७०६०६९० | |
| ३ | हरि प्रसाद पराजुली | सहायक लेखा अधिकृत | ९८४०९५६५३१ | |
| ४ | लक्ष्मण राना | प्रशासन शाखा प्रमुख | ९८५७०६८८५० | |

वैठकका प्रस्तावहरु

१. गाउँसभा सम्वन्धमा।

२. वास कार्यक्रम स्वीकृत सम्वन्धमा।

३. विविध सँम्वन्धमा।

र्णयहरु:

१. रैनादेवी छहरा गाउँपालिकाको गाउँसभा मिति २०८३/३/५ गते दिनको १ बजे आवहान गर्ने निर्णय गरियो।

२. रैनादेवी छहरा गाउँपालिकाको N-wash प्रणालीमा आधारित खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजना (वास Plan) तयार गर्ने जिम्मेवारी प्राप्त परामर्शदाता श्री सहयात्रा मिडिया नेटवर्क प्रा.लि., तानसेन-३, पाल्पाले स्थलगत अध्ययन तथा सर्वेक्षण गरी तयार गरेको वास योजनामा समावेश गरिएका बृहत् खानेपानी तथा सरसफाइ आयोजनाहरूको विवरण वडा कार्यालयहरूबाट प्राप्त प्राथमिकताका आधारमा संकलन गरिएकोमा गाउँपालिकाको समग्र आवश्यकता, औचित्यता तथा उपलब्ध स्रोत-साधनको अवस्थालाई समेत मध्यनजर गरी कार्यपालिकामा छलफल गरी रैनादेवी छहरा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी योजना (वास Plan) स्वीकृत गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने तथा सो योजनासँग सम्बन्धित तथ्याङ्क प्रमाणीकरण सहितको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजनालाई जानकारीका लागी खानेपानी तथा ढल व्यवस्थापन विभागमा पठाउने निर्णय सर्वसम्मत रूपमा गरियो ।साथै खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना सम्वन्धमा देहाय वमोजिम गर्ने निर्णय गरियो:

क) गाउँपालिकावाट तयार गरिएको वास योजनामा समावेश गरिने आयोजना तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण सम्वन्धित वडाको आवश्यकता, माग, समस्या तथा स्थानीय समुदायले महसुस गरेको आवश्यकताको आधारमा कायम गर्ने निर्णय गरियो ।

ख) आर्थिक वर्ष २०८२/०८३ मा तयार गरिएको वास योजनामा विभिन्न कारणवश समावेश हुन नसकेका आयोजना तथा कार्यक्रमहरूलाई आगामी आर्थिक वर्षमा योजना अद्यावधिक गर्ने क्रममा समावेश गर्ने तथा वास योजनालाई प्रत्येक वर्ष नियमित रूपमा अद्यावधिक गरी गाउँपालिकाको वार्षिक नीति, योजना तथा कार्यक्रमसँग आवद्ध गर्दै कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

ग) रैनादेवी छहरा गाउँपालिकाको वास योजना निर्माण प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग, समन्वय र सहकार्य गर्नुहुने सहयात्रा मिडिया नेटवर्क प्रा.लि., सम्बन्धित जनप्रतिनिधिहरू, राजनीतिक दलहरू, नागरिक समाज, उपभोक्ता प्रतिनिधिहरू तथा गाउँपालिकाका विषयगत शाखा र सरोकारवाला सबै पक्षप्रति हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

रुक्माङ्गत भट्टराई
अध्यक्ष

घ) स्वीकृत वास योजनालाई गाउँपालिकाको दीर्घकालीन विकास लक्ष्य, दिगो खानेपानी सेवा, सुरक्षित सरसफाइ तथा स्वच्छता प्रवर्द्धनसँग आवद्ध गरी प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेट, कार्यक्रम तथा संस्थागत व्यवस्थापनको व्यवस्था मिलाउँदै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको समेत सहयोगमा क्रमशः कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

३. शिक्षा शाखाले पेश गरेको सम्मान कार्यक्रमको प्रस्तावना स्वीकृत गर्ने निर्णय गरियो।

४. रैनादेवी छहरा गाउँपालिका वडा नं १ सिद्देश्वर पाल्पामा सञ्चालित मरयाइदी चिसापानी सिद्देश्वरको खानेपानी मुल मर्मत गर्नका लागि मर्मत सम्भार शिर्षकबाट व्ययभार हुने गरी रु २७ हजार विनियोजन गर्ने निर्णय गरियो।

५. अम्लबास बाखे सिमलखोरिया मो.बा. शिर्षकबाट रु १ लाख ५० हजार रकमान्तर गरी सिस्नेखोला ग्याविन जाली निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो।

६. सोमादी दह साउने मो.बा.(दह साउने खण्ड) को बाटो मर्मतका लागि मर्मत सम्भार शिर्षकबाट रु ३० हजार विनियोजन गर्ने निर्णय गरियो।

७. अध्यक्षकप प्रतियोगितामा वडागत विविध खर्च व्यवस्थापन गर्न अध्यक्षकप प्रतियोगिता शिर्षकमा विनियोजित रकमबाट अपुग भएको हुँदा रु १,७१,१६०/- रकम युवा तथा खेलकुद शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

८. विपद तथा वर्षादको समयलाई मध्यनजर गरी हुन सक्ने मुख्य बाटो अवरोधलाई हटाउन डोजर भाडाका लागि टेन्डर प्रक्रिया अवलम्बन गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

रकमाङ्गत भट्टराई
अध्यक्ष